केन्द्रीय कार्यालय
बालुवाटार, काठमाडौं
फोन : ४४११४०७
फ्याक्स : ४४१४५५२
E-mail : <nrbbfirdppd@nrb.org.np>
Web Site : www.nrb.org.np
पोष्ट बक्स : ७३

# नेपाल राष्ट्र बैंक
## बैंक तथा वित्तीय संस्था नियमन विभाग

पत्र संख्या : बै.वि.नि.वि./नीति/परिपत्र/कखग/०९/०७२/७३ मिति: २०७२/०७/२९

**इजाजतपत्रप्राप्त बैंक तथा वित्तीय संस्थाहरु,**

महाशय,

यस बैंकबाट इजाजतपत्रप्राप्त "क", "ख" र "ग" वर्गका बैंक तथा वित्तीय संस्थाहरुलाई देहाय बमोजिमको नीतिगत व्यवस्था कायम गरिएको हुँदा सोही बमोजिम गर्न/गराउन हुन नेपाल राष्ट्र बैंक ऐन, २०५८ को दफा ७९ ले दिएको अधिकार प्रयोग गरी यो निर्देशन जारी गरिएको छ :

१. प्राकृतिक प्रकोप लगायतका घटनाहरुले वित्तीय प्रणालीको व्यावसायिक निरन्तरतामा पार्न सक्ने प्रतिकुल असरलाई न्यूनिकरण गर्न यस बैंकबाट इजाजतपत्रप्राप्त संस्थाहरुले २०७२ चैत मसान्त भित्र Contingency Management Framework तयार पारी लागू गर्नु पर्नेछ ।

२. इजाजतपत्रप्राप्त संस्थाहरुले रु. ५० करोड वा सो भन्दा बढी रकमको बहु-बैंकिङ्ग कर्जा उपभोग गर्ने/गरिरहेका ऋणीहरुको कर्जा २०७३ असार मसान्त भित्र सहवित्तीयकरण कर्जामा परिणत गरिसक्नुपर्नेछ ।

३. यस बैंकबाट जारी गरिएको एकीकृत निर्देशन २०७२ को इ.प्रा.निर्देशन नं. १७ को बुँदा नं. ३ को खण्ड (च) लाई देहाय बमोजिम संशोधन गरी खण्ड (त) पछि देहाय बमोजिमको खण्ड (थ) थप गरिएको छ ।

(च) विपन्न वर्ग कर्जा प्राप्त गर्न योग्य व्यक्ति/समुदायले एकल वा सामुहिकरुपमा गलैंचाको लागि आवश्यक पर्ने ऊन उत्पादन गर्ने प्रयोजनार्थ भेडापालन गर्न वा गलैंचा बुन्ने तान राख्नका लागि बैंक तथा वित्तीय संस्थाहरुवाट स्वीकारयोग्य धितो लिई प्रति परिवार रु.३ लाखमा नबढ्ने गरी (विगत दुई वर्षदेखि विपन्न वर्ग कर्जा उपभोग गरी असल वर्गमा परेकाको लागि रु. ४ लाख हुने) प्रवाह भएको कर्जा ।

त्यसैगरी, विपन्न वर्ग कर्जा प्राप्त गर्न योग्य सीमान्तीकृत समुदाय तथा साना किसान वा किसान समुदायले मलखाद तथा विउविजन खरिद, सामुहिक रुपमा उत्पादन भण्डारणको लागि शीत भण्डार (Cold Storage) निर्माण, उत्पादनको बजारीकरण, साना सिंचाई कुलो, स्यालो ट्युववेल जडानजस्ता उद्देश्यका लागि पनि बैंक तथा वित्तीय संस्थाहरुबाट स्वीकारयोग्य धितो लिई प्रति परिवार रु. ३ लाखमा नबढ्ने गरी प्रवाह गरिएको कर्जा । साथै, तरकारी खेती, फलफूल, पशु/पंक्षीपालन, मत्स्यपालन, मौरीपालन, जडिबुटी उत्पादन तथा कृषि उपज भण्डारणजस्ता व्यवसायको लागि प्रति परिवार रु. ४ लाख रूपैयाँसम्मको कर्जा, र किसानहरुलाई तरकारी तथा फलफूलको भण्डारण प्रमाणको आधारमा प्रदान गरिएको रु. ४ लाख रूपैयाँसम्मको कर्जा ।

केन्द्रीय कार्यालय
बालुवाटार, काठमाडौं
फोन : ४४११४०७
फ्याक्स : ४४१४५५२
E-mail : <nrbbfirdppd@nrb.org.np>
Web Site : www.nrb.org.np
पोष्ट बक्स : ७३

# नेपाल राष्ट्र बैंक
## बैंक तथा वित्तीय संस्था नियमन विभाग

(थ) नेपाल सरकारबाट स्वीकृत भई कार्यान्वयनमा आएको "युवाहरुलाई कृषि कर्जामा प्रदान गरिने व्याज अनुदान सम्वन्धी कार्यविधि, २०७१" बमोजिम तोकिएका कृषि व्यवसायहरुमा ऋणीहरुलाई प्रवाह भएको रु. ७ लाख सम्मको कर्जा ।

भवदीय,

(शिवनाथ पाण्डे)
कार्यकारी निर्देशक

**बोधार्थ :**

(१) श्री नेपाल राष्ट्र बैंक, गभर्नरको कार्यालय ।
(२) श्री नेपाल राष्ट्र बैंक, डेपुटी गभर्नरको कार्यालय ।
(३) नेपाल सरकार, अर्थ मन्त्रालय, वित्तीय क्षेत्र व्यवस्थापन महाशाखा, सिंहदरबार, काठमाण्डौ ।
(४) श्री नेपाल राष्ट्र बैंक, बैंक सुपरिवेक्षण विभाग ।
(५) श्री नेपाल राष्ट्र बैंक, विकास बैंक सुपरिवेक्षण विभाग ।
(६) श्री नेपाल राष्ट्र बैंक, वित्त कम्पनी सुपरिवेक्षण विभाग ।
(७) श्री नेपाल राष्ट्र बैंक, लघुवित्त प्रवर्द्धन तथा सुपरिवेक्षण विभाग ।
(८) श्री नेपाल राष्ट्र बैंक, विदेशी विनिमय व्यवस्थापन विभाग ।
(९) श्री नेपाल राष्ट्र बैंक, अनुसन्धान विभाग ।
(१०) श्री नेपाल राष्ट्र बैंक, कानुन महाशाखा ।
(११) श्री नेपाल बैंकर्स संघ, हेरिटेजप्लाजा, काठमाण्डौ ।
(१२) श्री डेभलपमेण्ट बैंकर्स एसोसिएसन, अनामनगर, काठमाण्डौ ।
(१३) श्री नेपाल वित्तीय संस्था संघ, तिनकुने, काठमाण्डौ ।